प्रस्तावहरु :-

१. केहि कर्मचारीहरु बाट मिति २०८१/१०/१५ गते पेश भएको ज्ञापन पत्र सम्बन्धमा

२. कार्यलयको दैनिक प्रशासनिक तथा आर्थिक कारोबार सम्बन्धमा

निर्णयहरु :-

१. **प्रस्ताव नं.१** उपर छलफल गर्दा मिति २०८१/१०/१५ गते यस पालिकाका नगर प्रमुख ज्यू लाई सम्बोधन गरि १३ (तेरह) बुँदामा बिभिन्न बिषयहरु उठान गरि यस पालिकाका लेखा अधिकृत मनोज कुमार महरा समेतले ज्ञापन पत्र पेश गरेको सम्बन्धमा ब्यापक रुपमा अध्ययन तथा छलफल गर्दा यस पालिकाको गम्भीर ध्यानाकर्षण भएको छ तत् समबन्धमा उठान भएको बिषयमा ज्ञापन पत्र दाताहरु बाट पेश भएको बिषयहरुको बारे पछी सम्म फरक नपर्ने गरि प्रमाण पेश गर्न पत्राचार गर्ने निर्णय गरियो प्रमाण पेश नभएमा /नगरेमा प्रचलित कानुन अनुसार हुने निर्णय गरियो ।

उल्लेखित ज्ञापन पत्रमा उल्लेख भएको बिषयहरुमा यस कार्यपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ तत् सम्बन्धमा अब उप्रान्त कुनै बहानामा प्रचलित कानुन बमोजिम सेवा ग्राहिले पाउनु पर्ने सेवा नपाएमा तथा गुनासो आएमा समबन्धित कर्मचारीलाई प्रमुख प्रसासकिय अधिकृतले प्रचलित कानुन बमोजिम कारवाही गरि यस कार्यपालिकामा पेश गर्ने निर्णय गरियो साथै स्थानीय सेवा (गठन तथा सञ्चारन) ऐन, २०८१ को दफा ८३ मा उल्लेख भए अनुसार प्रदर्शन हडताल गर्न प्रतिबन्ध सम्बन्धिमा ब्यबस्थामा उल्लेख भएको अनुसार गर्न तथा अन्यथा गरेमा प्रचलित कानुन बमोजिम हुने निर्णय गरियो ।

माथी उल्लेखित लगायत आवश्यक स्वीकृति नलिई रातिको समयमा केहि कर्मचारी कार्यलयमा आई बिभिन्न फाइल लागेको , सेवा ग्राहिहरुको सम्बन्धि फाइलहरु समयमा नभेटिनु ,कार्यपालिका तथा नगर सभाको निर्णयहरु खोजेका बखत नभेटनु तथा सेवा ग्राहीहरुले समयमा सेवा नपाउने गुनासो लगायतका बिषयमा छानबिन गरि आवस्यक निर्णय तथा कारवाही गर्नु पर्ने भएकोले १० (दश) दिनको समय सिमा सहित नागरिकको समेत राय लिई आवश्यक सिफारिस सहित छानबिन प्रतिबेदन पेश गर्न देहाय बमोजिमको छानबिन समिति गठन गर्ने निर्णय गरियो ।पेश भएको प्रतिबेदन अनुसार नगर प्रमुख संग अनुमोदन गराई अबिलम्ब काम कारबाही अगाडी बढाउँन प्रमुख प्रसासकिय अधिकृत लाई जिम्मेबारी दिने समेत निर्णय गरियो ।

देहाय :-

क) श्री रेणु झा (नगर उप प्रमुख - (संयोजक)

ख) श्री योगी चौधरी - वडा अध्यक्ष -१ नं. वडा (सदस्य)

ग) श्री रामआश्रय यादव - वडा अध्यक्ष -८ नं. वडा (सदस्य)

घ) श्री शुशिल कुमार चौधरी - वडा अध्यक्ष -६ नं. वडा (सदस्य)

ङ) श्री निलाम्बंर मिश्र -अधिकृत सातौ -सदस्य सचिब

२. **प्रस्ताव नं.२** उपर छलफल गर्दा यस पालिकाबाट आम नागरिकमा प्रदान हुने सेवा ,नगर सभा तथा कार्यपालिकाबाट भएको निर्णयहरु कार्यान्बयन गर्न गराउन लगायतका कार्यहरुमा प्रमुख प्रसासकिय अधिकृतलाई प्रचलित कानुन बमोजिमको काममा सहजीकरण गर्न तथा पालिकाको खाता संचालनको लागि आवश्यक सहजीकरण तथा निर्णयगर्न अधिकार प्रत्योजन गर्ने निर्णय गरियो ।